Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu

# Press Release

Date: 2075.7.15

## नेपाल राष्ट्र बैंक र राष्ट्रिय वाणिज्य बैंक बीच सम्झौता

नेपाल राष्ट्र बैंक र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बीच नयां जनशक्तीको लागि विज्ञापन गर्दा दरखास्त शुल्क अनलाइन प्रविधिबाट भुक्तानी गर्ने सम्बन्धमा बुधबार सम्झौता भएको छ । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठको समुपस्थितिमा भएको सम्झौतापत्रमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक पिताम्बर भण्डारी र राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ ।

समारोहमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठले सरकारी स्वामित्वको ठूलो बैंक संग सहकार्य गर्न पााउदा खुशी लागेको बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले यस सेवालाई प्रभावकारी ढङ्गबाट कार्यन्वयन गर्दै भविश्यमा राष्ट्र बैंक संग सहकार्य गरी जनतालाई थप सेवाहरु प्रदान गर्न बैंक सदैव तयार रहेको बताउनुभयो ।

उक्त सम्झौता भएपश्चात नेपाल राष्ट्र बैंकले निकट भविष्यमा नयां जनशक्ती भर्नाको लागि माग गर्ने विज्ञापनमा आवेदन गर्दा दरखास्त फारम अनलाइन प्रविधि मार्फत भर्नुपर्ने र सो को दरखास्त शुल्क राष्ट्रिय वाणिज्य बैंकको इन्टरनेट बैंकिङ्ग वा मोवाइल बैंकिङ्ग अथवा इसेवा डिजिटल सेवा मार्फत राष्ट्रिय वाणिज्य बैंकमा रहेको नेपाल राष्ट्र बैंकको खातामा सिधै रकम जम्मा हुने छ ।

बैंकको हाल ७४ जिल्लामा २०७ वटा शाखा कार्यालय, १६५ वटा एटिएम र ९३ वटा शाखा रहित बैंकिङ्ग रहेको छ । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका विभागीय प्रमुख देवेशप्रसाद लोहनी, नेपाल राष्ट्र बैंकका तर्फबाट निर्देशक गुरुप्रसाद पौडेल लगायतको उपस्थिती रहेको थियो ।

